जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily


वर्ष : ४ अंक : ३३ २०८३ साल जेष्ठ ०५ गते, मंगलबार Tuesday, May.– 19 2026 मूल्य रु. ५/- पृष्ठ : ४

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

## सिमा नाकामा तस्करको रजगज, नियन्त्रण प्रयासबीच पनि कवही, मटिअर्वा र छतवा मुसहर्वामा तस्करी निर्वाद्ध हुदै

***संवाहक सम्वादाता**-०४ जेष्ठ, कलैया*





नेपाल-भारत सीमावर्ती बारा जिल्लाका कवही, मटिअर्वा, छतवा र मुसहरवा नाकामा तस्करी गतिविधि पुनः तीव्र बनेको छ। सशस्त्र प्रहरीको निगरानी र केही बरामदको प्रयासबीच पनि कपडा, खाद्य सामग्री तथा अन्य दैनिक उपभोग्य वस्तुको अवैध ओसारपसार निरन्तर भइरहेको स्थानीय स्रोतहरूले बताएका छन्। स्थानीयवासीका अनुसार यी नाकाहरूबाट बिहान-बेलुका मात्र होइन, रातको समयमा समेत सेटिङमार्फत सामान ओसारपसार हुने गरेको छ। सीमामा खटिएका सुरक्षाकर्मीको उपस्थिति भए पनि तस्कर समूहले विभिन्न वैकल्पिक मार्ग र सवारी साधन प्रयोग गरी कारोबार गर्दै आएको आरोप छ।

सशस्त्र प्रहरी बलले केही स्थानमा चेकजाँच र बरामद अभियान चलाए पनि तस्करी पूर्ण रूपमा नियन्त्रणमा आउन सकेको छैन। बरामदका घटनाबीच पनि अवैध कारोबार निरन्तर भइरहेकाले सीमा क्षेत्रमा राज्यको कडाइ प्रभावकारी नदेखिएको स्थानीयको भनाइ छ।

स्थानीय स्रोतका अनुसार कवही, मटिअर्वा, छतवा र मुसहरवा नाकाबाट दैनिक रूपमा कपडा र अन्य सामान ठूलो मात्रामा भित्र्याइने गरिएको छ। कतिपय अवस्थामा मोटरसाइकल तथा साना सवारी साधनमार्फत लाखौं रुपैयाँ बराबरको सामान ओसारपसार हुने गरेको बताइएको छ।

यसैबीच, केही व्यक्तिहरू संगठित रूपमा तस्करी गतिविधिमा संलग्न रहेको आरोप पनि लागेको छ। कपडा तस्करीमा संलग्न भनिएका भोला साह दैनिक रूपमा मोटरसाइकल प्रयोग गरी सामान ओसारपसारमा सक्रिय रहेको स्थानीयको दाबी छ।

सीमा क्षेत्रमा हुने यस्तो गतिविधिले राजस्व छली बढ्नुका साथै स्थानीय अर्थतन्त्र र सुरक्षा व्यवस्थामाथि प्रश्न उठेको छ। सुरक्षा निकायले नियन्त्रणका लागि प्रयास जारी राखे पनि सीमावर्ती नाकामा तस्करीको चक्र अझै पूर्ण रूपमा रोकिएको देखिँदैन।

## मधेशका मुख्यमन्त्री यादवले शुक्रबार विश्वासको मत लिने

***संवाहक सम्वादाता**-०४ जेष्ठ, कलैया*



कृष्णप्रसाद यादव ले आउँदो शुक्रबार मधेश प्रदेशसभाबाट विश्वासको मत लिने भएका छन्। सत्ता साझेदार जनमत पार्टी ले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादव विश्वासको मत लिन बाध्य भएका हुन्।

जनमत पार्टीका संसदीय दलका नेता चन्दन सिंह ले गत वैशाख २२ गते सरकारलाई दिएको समर्थन फिर्ता लिएको घोषणा गरेका थिए। त्यसयता मधेश सरकारको भविष्य अन्योलमा परेको छ।

यसअघि जेठ १ गते नै विश्वासको मत लिने कार्यसूची तय भए पनि अन्तिम समयमा कार्यसूची परिवर्तन भएपछि राजनीतिक विवाद चर्किएको थियो। उक्त घटनापछि बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकले दलहरूबीच सहमतिको प्रयास गरेपछि शुक्रबारका लागि नयाँ मिति तय गरिएको हो।

स्रोतका अनुसार नेपाली कांग्रेस भित्रको आन्तरिक विवाद केही मत्थर भएको छ भने जसपा नेपाल पनि सरकारप्रति सकारात्मक देखिएको छ। यस्तै प्रमुख प्रतिपक्षी नेकपा एमाले समेत वर्तमान सरकारप्रति नरम देखिएकाले मुख्यमन्त्री यादवले आवश्यक समर्थन जुटाउने सम्भावना रहेको बताइन्छ।

प्रदेशसभामा विश्वासको मतका

बाँकी तेस्रो पृष्ठमा

## तेस्रो लिङ्गीको अर्धनग्न प्रदर्शनपछि तनाव, प्रहरीद्वारा लाठीचार्ज, ३ जना नियन्त्रणमा

***संवाहक सम्वादाता**-०४ जेष्ठ, कलैया*




अभद्र व्यवहार मुद्दामा थुनामा रहेका एक प्रतिवादीको रिहाइको माग गर्दै जिल्ला प्रहरी कार्यालय बाराअगाडि गरिएको प्रदर्शनका क्रममा सोमबार स्थिति तनावपूर्ण बनेको छ। लामो समयसम्म सडक अवरुद्ध भएपछि स्थानीय आवागमन प्रभावित भएको थियो भने अन्ततः प्रहरीले बल प्रयोग गरी स्थिति नियन्त्रणमा लिएको छ।

अभद्र व्यवहार मुद्दामा थुनामा रहेका खुश्बु भन्ने अफजल मियाँ दर्जी लाई रिहा गर्नुपर्ने मागसहित तेस्रो लिङ्गी समूहले बिहानैदेखि प्रहरी कार्यालय परिसर अगाडि सडक अवरुद्ध गर्दै अर्धनग्न रूपमा प्रदर्शन गरेका थिए।

प्रदर्शनकारीहरूको भीड बढ्दै जाँदा जिल्ला प्रहरी कार्यालय आसपासको मुख्य सडक केही समय पूर्ण रूपमा अवरुद्ध भएको थियो। सो क्रममा सर्वसाधारण तथा सवारी साधनको आवागमन ठप्प बनेपछि अवस्था थप संवेदनशील बनेको प्रहरीले जनाएको छ।

सम्झाइ-बुझाइपछि पनि अवरोध कायम

प्रहरीका अनुसार प्रदर्शनकारीहरूलाई पटक-पटक सम्झाइ-बुझाइ गर्ने प्रयास गरिएको भए पनि उनीहरूले सडक अवरोध हटाउन अस्वीकार गरेका थिए। लामो समयसम्म नाराबाजी

बाँकी तेस्रो पृष्ठमा

## बिषादीयुक्त तरकारीले जोखिममा जनस्वास्थ्य, अर्गानिक खेति आवश्यक

***"तरकारी तथा फलफूलमा बढ्दो विषादी प्रयोगले जनस्वास्थ्य जोखिम बढाएको छ। सबै कृषि उपजको अनिवार्य विषादी परीक्षण, नियमित अनुगमन र किसानलाई सचेतना आवश्यक छ। अर्गानिक खेतिमा प्रोत्साहित गर्नुपर्छ। उपभोक्ताले पनि तरकारी नुनपानीमा पखालेर मात्र प्रयोग गर्नुपर्छ।"***



***लेखकः पन्नालाल दास***

हिजोआज विषाधीयुक्त उत्पादन बिना रोकटोक आम उपभोक्ताको भंसामा सिधै प्रवेश पाएको छ। न उपभोक्ता सचेत न त किसान नै। स्वास्थ्य प्रति हामी अचेत मुद्रामा शुद्ध र लोकल भन्दै मन्द बीष सेवन गर्न बाध्य छौं। गाउँदेखि सहरसम्मका बजारमा बिक्री हुने तरकारी तथा फलफूलमा अत्यधिक विषादी प्रयोग हुनु अहिले गम्भीर जनस्वास्थ्य चुनौती बनेको छ। हामीले ताजा र स्वस्थकर ठानेर दैनिक उपभोग गर्ने सागसब्जी, काँक्रो, गोलभेंडा, स्याउ, अंगुरल गायतका खाद्यवस्तु वास्तवमा शरीरमा बिस्तारै असर गर्ने "मन्द विष" बन्दै गएका छन्। उत्पादन बढाउने लोभ, कमजोर अनुगमन र चेतनाको अभावका कारण किसानले जथाभावी रासायनिक विषादी प्रयोग गरिरहेका छन्। यसको असर क्यान्सर, कलेजो तथा मिर्गौला रोग, उच्च रक्तचाप, हर्मोन असन्तुलन र रोग प्रतिरोधात्मक क्षमता कमजोर हुने जस्ता दीर्घकालीन समस्याका रूपमा देखिन थालेको छ।

समस्या केवल स्वदेशी उत्पादनमा मात्र सीमित छैन। भारतबाट नेपाल भित्रिने तरकारी तथा फलफूलको खाद्यगुणस्तर र विषादी परीक्षण प्रभावकारी नहुँदा जोखिम झन् बढेको छ। सीमावर्ती नाकामा क्वारेन्टाइन तथा प्रयोगशालामार्फत अनिवार्य परीक्षण नगरी बजार प्रवेश दिनु नागरिकको स्वास्थ्यसँग खेलबाड गर्नु सरह हो। त्यसैले आयातित कृषि उपजको कडाइका साथ परीक्षण गरी मात्रै बिक्री वितरणको अनुमति दिनुपर्छ।

कृषि मन्त्रालयदेखि स्थानीय कृषि ज्ञानकेन्द्रका विज्ञसम्मले कागजी योजना होइन, व्यवहारिक अनुगमनलाई प्राथमिकता दिन आवश्यक छ। कृषि प्राविधिक र जेटिएहरू कार्यालयमा सीमित नभई किसानको खेतमै पुगेर विषादी प्रयोगको अवस्था परीक्षण गर्ने, सुरक्षित मात्रा र प्रयोग विधिबारे प्रशिक्षण दिने तथा त्यसबाट हुने स्वास्थ्य जोखिमबारे सचेत गराउने काममा सक्रिय हुनुपर्छ। किसानलाई "धेरै उत्पादन" भन्दा "सुरक्षित उत्पादन" तर्फ प्रेरित गर्न आवश्यक छ।

विषादी प्रयोगपछि "प्रतीक्षा अवधि" पालना गर्नु अत्यन्त महत्वपूर्ण हुन्छ। सामान्यतया विषादी छरेपछि ५ देखि १४ दिनसम्म तरकारी वा फलफूल टिप्न मिल्दैन भने केही कडा विषादीमा २१ दिनसम्म कुर्नुपर्ने

बाँकी तेस्रो पृष्ठमा

## भारतबाट चोरीका मोटरसाइकल नेपालमा बिक्री गर्ने गिरोह पक्राउ, चार जना नियन्त्रणमा

***संवाहक सम्वादाता**-०४ जेष्ठ, कलैया*




नेपाल-भारत सीमा क्षेत्रमा चोरीका मोटरसाइकलको नम्बर प्लेट परिवर्तन गरी नेपालमा बिक्री गर्ने गिरोहलाई भारतीय प्रहरीले पक्राउ गरेको छ।

भारतको बिहार राज्यस्थित आदापुर थाना की थानाध्यक्ष पूजा कुमारी को नेतृत्वमा प्राप्त गोप्य सूचनाका आधारमा भारत-नेपाल सीमाअन्तर्गत मटिअरवा बोर्डर नजिक सवारी जाँचका क्रममा दुई वटा सुपर स्प्लेन्डर मोटरसाइकलसहित चार जनालाई पक्राउ गरिएको हो।

प्रहरीका अनुसार बीआर ०५ आर ३४७९ र बीआर ०५ आर ५१११ नम्बरका मोटरसाइकलको एचएचडी मेसिनबाट परीक्षण गर्दा दर्ता नम्बर र चेचिस नम्बरमा फरक भेटिएको थियो। त्यसपछि मोटरसाइकल चालक रञ्जन कुमार साह तेली र आनन्द कुमार साह तेली लाई नियन्त्रणमा लिएर सोधपुछ गरिएको प्रहरीले जनाएको छ।

सोधपुछका क्रममा उनीहरूले उक्त मोटरसाइकल हृदयेश कुमार जयसवाल सँग १४

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय ........

## बिरामीले औषधि नपाउने, अस्पतालमा करोडौंको औषधिको म्याद सकिने !

नारायणी अस्पताल सहित देशका सरकारी अस्पतालहरूमा करोडौं रुपैयाँ बराबरका औषधि म्याद सकिनु सामान्य प्रशासनिक कमजोरी होइन, यो राज्य संयन्त्रको गम्भीर लापरवाही र गैरजिम्मेवारीको परिणाम हो। एकातिर सर्वसाधारण बिरामी सरकारी अस्पतालमा औषधि नपाएर निजी मेडिकल धाउन बाध्य छन्, अर्कोतिर अस्पतालका गोदाममा करोडौंका औषधि थन्किएर म्याद सकिरहेका छन्। यो विडम्बनाले सरकारी स्वास्थ्य प्रणाली कति अव्यवस्थित छ भन्ने स्पष्ट देखाउँछ।

महालेखा परीक्षकको प्रतिवेदनअनुसार वीर अस्पताल मा मात्रै १ करोड ४३ लाख रुपैयाँभन्दा बढीका औषधि तथा स्वास्थ्य सामग्री प्रयोगविहीन बनेका छन्। बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल तथा राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र मा पनि उस्तै अवस्था देखिएको छ। यसले सरकारी अस्पतालहरूमा औषधि खरिद, भण्डारण र वितरण प्रणाली पूर्ण रूपमा असफल भएको प्रमाणित गर्छ।

सबैभन्दा गम्भीर कुरा के हो भने म्याद सकिएका औषधि फिर्ता गरी प्रतिस्थापन गर्नुपर्ने स्पष्ट व्यवस्था हुँदाहुँदै सम्बन्धित निकाय मौन बसेका छन्। करोडौं रुपैयाँ बराबरका औषधि खेर जाँदा कसैलाई जिम्मेवार नठहरिनु झन् लज्जास्पद विषय हो। जनताको करबाट खरिद गरिएका औषधि यसरी नष्ट हुनु सीधा सार्वजनिक सम्पत्तिमाथिको खेलबाड हो।

यो केवल कमजोरी होइन, राज्य स्रोतको दुरुपयोग हो। आवश्यकताको अध्ययन बिना जथाभावी खरिद गर्ने, स्टक व्यवस्थापन नगर्ने, वितरणमा समन्वय नहुने र अनुगमन फितलो रहने प्रवृत्तिले स्वास्थ्य क्षेत्रमा संस्थागत अराजकता मौलाएको देखिन्छ। यस्तो अवस्थामा सम्बन्धित अधिकारीमाथि कारबाही नगर्ने हो भने यस्ता घटना दोहोरिरहने निश्चित छ।

अब सरकार केवल प्रतिवेदन पढेर चुप लागेर बस्ने अवस्थामा छैन। औषधि खरिद प्रणालीलाई पूर्ण रूपमा डिजिटल र पारदर्शी बनाउन, जिम्मेवार अधिकारीमाथि कडा कारबाही गर्न तथा आवश्यकताअनुसार मात्र खरिद गर्ने नीति लागू गर्न ढिलाइ गर्नुहुँदैन। अन्यथा सरकारी अस्पतालप्रतिको जनविश्वास मात्र होइन, सम्पूर्ण सार्वजनिक स्वास्थ्य प्रणाली नै धराशायी हुने खतरा बढ्दै जानेछ।

# संसदीय संस्कारको सङ्कल्प




संसदीय संस्कार केवल नियम वा संरचनाको विषय होइन, यो राजनीतिक संस्कारको प्रश्न हो। सांसदहरूमा लोकतान्त्रिक मूल्यप्रति आन्तरिक प्रतिबद्धता नभएसम्म संरचनागत सुधारले मात्र अपेक्षित परिणाम दिन सक्दैन। संसदीय संस्कारको सङ्कल्प केवल भाषणको विषय होइन, व्यवहारमा उतार्नुपर्ने प्रतिबद्धता हो।



भुवन न्यौपाने

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामध्ये व्यवस्थापिका संसद् राज्यको महत्वपूर्ण अङ्ग हो। प्रत्यक्ष रूपमा जनता र सरकारसँग समन्वय र सहकार्य गर्ने भएकाले मुलुक रूपान्तरणमा संसद्को भूमिका महत्वपूर्ण हुन्छ। यी अङ्गलाई शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्तबमोजिम स्वतन्त्र र अन्तरसम्बन्धित भएर कार्यसम्पादनको क्षेत्राधिकार प्रत्यायोजन गरिएको हुन्छ। जनताबाट निर्वाचित भएर जनताप्रति नै उत्तरदायी हुने हुँदा विधायिकाको भूमिका कानुन निर्माण मात्र नभई बहुआयामिक हुन्छ। मुलुकको शासनप्रणाली सुदृढ गराउन, संसदीय मर्यादा कायम राख्न र जनताको आवश्यकता सम्बोधन गर्ने विशिष्ट जिम्मेवारीका कारण संसद् र सांसद पदको विशिष्ट संस्कार अपेक्षा गरिएको हुन्छ। संसदीय अभ्यास लोकतन्त्रको आत्मा हो। त्यसको गरिमा संसद्ले राख्नु पर्छ। जहाँबाट विचार, असहमति र सहमतिको सन्तुलनमार्फत राष्ट्रको दिशा तय गरिन्छ। जतिसुकै शक्तिशाली भए पनि संसद्प्रति सरकार सदैव उत्तरदायी रहनु पर्छ। सरकारले स्वेच्छाचारी भूमिका निर्वाह गर्न थाले संसद्को बहुमत सङ्ख्याले सरकारलाई अङ्कुश लगाउन सक्छ। सरकारले दिएका 'बिजिनेस' लाई संसद्ले समयमै सम्पादन गरिदिनु पर्छ। सुदृढ संसदीय संस्कार भन्नाले नियमको पालना मात्र होइन; जवाफदेहिता, पारदर्शिता, मर्यादित बहस, संस्थाप्रतिको सम्मान जस्ता मूल्यको समग्र अभ्यास भन्ने बुझिन्छ। विकसित लोकतान्त्रिक मुलुकले केही मूल्यलाई अभ्यासमार्फत संस्थागत गरेका छन्। नेपाल जस्ता नवउदित लोकतान्त्रिक मुलुकले त्यसबाट महत्वपूर्ण पाठ सिक्न सक्छन्।

***अन्तर्राष्ट्रिय संसदीय अभ्यास***

व्यवस्थित संसदीय अभ्यासको सुरुवात बेलायतबाट भएको मानिन्छ। बेलायतको संसदीय प्रणालीलाई 'वेस्टमिन्स्टर मोडेल' का रूपमा चिनिन्छ। 'हाउस अफ कमन्स' मा प्रधानमन्त्रीसँग हुने प्रश्नोत्तर जस्तो अभ्यासले कार्यपालिकालाई संसद्प्रति उत्तरदायी बनाउँछ। प्रधानमन्त्रीले नियमित रूपमा सांसदका प्रश्नको सामना गर्नु पर्छ; जसले पारदर्शिता र उत्तरदायित्वलाई मजबुत बनाउँछ। 'स्पिकर' को निष्पक्षता र बहसको अनुशासनले संसद्लाई प्रभावकारी बनाउने आधार तयार गर्छ। फ्रान्स र जर्मनीमा सहमतिमूलक राजनीति संसदीय संस्कारको मुख्य विशेषता हो। संसदीय समितिहरूले विधेयकहरूमा गहिरो अध्ययन र छलफल गर्छन्; जसले कानुन निर्माणलाई गुणस्तरीय र दीर्घकालीन बनाउँछ।

क्यानडामा संसदीय समितिहरूले मन्त्रीलाई बोलाएर जवाफ माग्छन्। 'इथिक कमिस्नर' जस्ता स्वतन्त्र निकायले सांसदहरूको कार्यसम्पादन र आचरणको निगरानी गर्छन्। जसले राजनीतिक नैतिकता संस्थागत र संसदीय जनविश्वासलाई कायम राखेको छ। जापानको नेसनल डाइटमा बहस अनुशासित र तथ्यमा आधारित हुन्छ। सांसदहरूले व्यक्तिगत आरोपप्रत्यारोपभन्दा विषयवस्तुमा केन्द्रित भएर विचार राख्ने परम्परा विकसित गरेका छन्। यसले निर्णय प्रक्रियालाई प्रभावकारी र मर्यादित बनाएको छ। न्युजिल्यान्डमा समावेशिता र प्रतिनिधित्वलाई सुदृढ संसदीय संस्कारका रूपमा सुनिश्चित गरिएको छ। यसले संसद्लाई केवल शक्तिको केन्द्र नभई विविध आवाजहरूको साझा मञ्च बनाएको छ। लोकतन्त्र र संसदीय अभ्यासको सबैभन्दा ठुलो लोकतान्त्रिक मुलुक भारतमा सत्तापक्षको स्वेच्छाचारीका कारण प्रतिपक्षप्रति कठोर देखिन्छ। बङ्गलादेश र पाकिस्तानमा सरकार र संसद्भन्दा सैन्यशक्ति बलियो भएका कारण संसद्को प्रभावकारिता कमजोर छ। श्रीलङ्कामा पनि राजनीतिक अस्थिरताका कारण संसद् सत्ताको षड्यन्त्रमा फसेको छ। तुलनात्मक रूपमा भुटानको संसदीय अभ्यास सन्तुलित र प्रभावकारी देखिन्छ। विश्वका कतिपय मुलुकमा पछिल्लो समय संसद्भित्रै हातपात र तोडफोड भएका घटनासमेत छन्। दक्षिण एसियामा संसद्भन्दा सरकार बलियो भएका कारण संसद् निष्प्रभावी भएको हो कि भन्ने भान भएको छ।

***नेपालमा संसदीय अभ्यास***

नेपालको राजनीतिक इतिहासमा संसदीय अभ्यास लोकतान्त्रिक यात्राको मेरुदण्डका रूपमा रहँदै आएको छ। शासनव्यवस्थाको रूपान्तरणसँगै संसद् केवल कानुन निर्माण गर्ने थलो मात्र नभई जनताको आवाज प्रतिनिधित्व गर्ने, सरकारलाई उत्तरदायी बनाउने र राष्ट्रिय सहमतिको आधार तयार गर्ने प्रमुख संस्था बनेको छ। संसदीय संस्कारमार्फत संसद्भित्र र बाहिर देखाइने अनुशासन, सहमतिको प्रयास, मध्यमार्गी उपाय, बहसको गुणस्तर र लोकतान्त्रिक मूल्यप्रतिको प्रतिबद्धतामा निरन्तर विकास भएको पाइन्छ। नेपालको संसद्ले राजनीतिक उचारचढावको निर्मम सामना गर्नु परेको इतिहासदेखि वर्तमानसम्मका घटनाक्रमले नै देखाउँछ।

नेपालमा संसदीय अभ्यासको सुरुवात प्रजातन्त्र स्थापनापछि २००७ सालबाट भएको मानिन्छ। त्यसपछि २०१५ सालको संविधानले संसदीय प्रणालीलाई औपचारिकता दियो। राजा महेन्द्रद्वारा २०१७ सालमा संसद् विघटनपछि यो अभ्यास अवरुद्ध भई पञ्चायती व्यवस्थामा प्रवेश भयो; जहाँ दलविहीन शासनले संसदीय मूल्यलाई कमजोर बनायो। २०४६ सालको जनआन्दोलनबाट बहुदलीय प्रजातन्त्र पुनर्स्थापित भयो। संसद्ले फेरि सक्रिय भूमिका खेल्न थाल्यो। त्यसपछि २०६२/६३ को जनआन्दोलनले नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण गरुन्यो; जसले संसदीय अभ्यासलाई नयाँ उचाइमा पुऱ्यायो। बहुदलीय व्यवस्थादेखि हालसम्म पाँच पटक संसद् पूरा कार्यकाल नपुग्दै विघटन हुनु परेको छ। नेपालको सन्दर्भमा हेर्दा संसदीय अभ्यासमा सकारात्मक पक्ष पनि छन्। संविधान निर्माण प्रक्रियामा विभिन्न दलबिच सहमति कायम गरी संविधान जारी गर्नु उल्लेखनीय उपलब्धि हो। त्यस क्रमका राजनीतिक घटनाक्रमले के देखाउँछ भने गम्भीर राजनीतिक मतभेद हुँदाहुँदै पनि राष्ट्रिय हितका विषयमा सहकार्य सम्भव हुन्छ। नेपालमा पनि सरकार जस्तै संसद् पनि अस्थिर हुँदै आएको छ। राजनीतिक असन्तुष्टिको पहिलो प्रहार संसद् बन्नु हुँदैन। शासकीय दम्भ, राजनीतिक सौदाबाजी, शक्तिसङ्घर्ष र जनविद्रोहले संसद्माथि बक्रदृष्टि राखेका विगतदेखि वर्तमानसम्मका घटना हामीले भोगिसकेका छौं। २०७९ सालको संसद्को कार्यकाल नपुग्दै मध्यावधि चुनाव भर्खरै सम्पन्न भएको छ।

***संसदीय संस्कार***

प्रतिनिधि सभा अन्तर्गत प्रत्यक्षतर्फ १६५ मध्ये १४० नयाँ सांसद निर्वाचित भएर आएका छन्। ४० वर्षमुनिका ५५ जना सांसद, ४० देखि ५९ सम्म ९७ जना सांसद र ६० माथि १३ जना सांसदसहित समावेशी प्रतिनिधित्वले लोकतान्त्रिक पुस्तान्तरणको सन्देश दिएको छ। एकातिर नवनिर्वाचित जनप्रतिनिधिलाई संसदीय अभ्यास, अनुशासन र त्यसको प्रभावकारिताका विषयमा प्रशिक्षण नै दिनुपर्ने छ। अर्कातर्फ, कानुन निर्माणको विधायिकी भूमिकालाई अझै सशक्त बनाउनुपर्ने छ। नयाँ जनादेशसहितको संसद् केवल औपचारिक बैठकमा मात्र सीमित नभएर देशको दिशा निर्धारण गर्ने महत्वपूर्ण अवसर पनि हो। युवा सांसदको उपस्थितिले संसद् अझ परिणाममुखी, उत्तरदायी र जनमुखी हुनु पर्छ।

नेपाल जस्तो बहुजातीय, बहुभाषिक र विविधतायुक्त देशमा संसद्ले समावेशिता र प्रतिनिधित्वको सन्तुलन कायम गर्न विशेष ध्यान दिनु पर्छ। महिला, दलित, आदिवासी जनजाति र पिछडिएका समुदायको आवाज संसद्मा प्रभावकारी रूपमा उठ्नु पर्छ। संसदीय समितिहरूको भूमिका पनि महत्वपूर्ण छ। यी समितिहरूले विधेयकको सूक्ष्म अध्ययन गर्ने, सरकारी कामको अनुगमन गर्ने र नीतिगत सुधारका लागि सुझाव दिने काम गर्छन्। समितिहरूलाई प्रभावकारी रूपमा सञ्चालन गरियो भने संसद्को समग्र गुणस्तरमा उल्लेखनीय सुधार आउन सक्छ। सार्वभौम संसद् सरकार गठन र नियमन, नियन्त्रण र निर्देशन गर्ने भूमिकाबाट कमजोर भएपछि राज्यका लागि सङ्कटको समय सुरु हुन्छ। संसदीय संस्कारको आधारभूत तत्वमा सहमति र सहकार्य प्रमुख हुन्। संसद् केवल बहुमतको खेल होइन, अल्पमतको सम्मान पनि हो। विकसित संसदीय परम्परा भएका देशमा देखिने संवादको संस्कृति नेपालका लागि पनि महत्वपूर्ण पाठ हो। बेलायतको 'हाउस अफ कमन्स' मा तीव्र बहस हुन्छ। नियम र अनुशासन कडाइसाथ पालना गरिन्छ। सांसदहरूले आफ्नो धारणा स्पष्ट रूपमा राख्छन्। संस्थागत मर्यादालाई कहिल्यै कमजोर पार्दैनन्। नेपालको वर्तमान सन्दर्भमा संसदीय संस्कार चुनौतीपूर्ण अवस्थामा छ। संसद् अवरोध, नाराबाजी, बैठक बहिष्कार र विधेयकमा पर्याप्त छलफलबिना पारित गर्ने प्रवृत्ति बढ्दो छ। यस्तो व्यवहारले संसद्प्रतिको जनविश्वास कमजोर बनाउँछ। सांसदको समय जनताको करबाट चल्ने भएकाले यसको प्रभावकारी उपयोग अनिवार्य हुन्छ।

सुशासनप्रति प्रतिबद्ध र जवाफदेही बनाउन सरकारलाई नियन्त्रण र निगरानी गर्ने संसद्को महत्वपूर्ण औजार हो। असल संसदीय अभ्यासका लागि केही आधारभूत सङ्कल्प आवश्यक छन्। पहिलो- बहसको गुणस्तर सुधार, व्यक्तिगत आरोपप्रत्यारोपभन्दा नीतिगत र तथ्यमा आधारित छलफललाई प्राथमिकता दिनु पर्छ। दोस्रो- नियमावलीको कडाइका साथ पालन आवश्यक छ। सभामुखको निर्देशनको सम्मान र संसद्को मर्यादा कायम राख्नु प्रत्येक सांसदको कर्तव्य हो। सभामुखले निष्पक्ष रूपमा सभा सञ्चालन गर्नु उत्तिकै महत्वपूर्ण पक्ष हो। तेस्रो- पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्नु पर्छ। सांसदहरूले आफ्ना गतिविधि र निर्णयबारे जनतालाई जानकारी दिनु पर्छ। चौथो- सहमतिको राजनीति विकास गर्नुपर्ने छ। बहुमतले निर्णय लिन सक्ने भए पनि दीर्घकालीन स्थायित्वका लागि सहमति अपरिहार्य हुन्छ।

राज्यका तीन अङ्गमध्ये व्यवस्थापिका संसद् कमजोर हुँदा जनता र सरकारबिचको सम्बन्ध पनि कमजोर हुँदै जान्छ। त्यसले समग्र मुलुकको शासकीय क्षमतामा प्रत्यक्ष असर गर्छ। संसदीय संस्कार केवल नियम वा संरचनाको विषय होइन, यो राजनीतिक संस्कारको प्रश्न हो। सांसदहरूमा लोकतान्त्रिक मूल्यप्रति आन्तरिक प्रतिबद्धता नभएसम्म संरचनागत सुधारले मात्र अपेक्षित परिणाम दिन सक्दैन। संसदीय संस्कारको सङ्कल्प केवल भाषणको विषय होइन, व्यवहारमा उतार्नुपर्ने प्रतिबद्धता हो। अब नयाँ सांसदको ऊर्जा, प्रतिबद्धता र जनमुखी कार्यशैली आवश्यक छ। संसद्लाई सिर्जनशील, प्रभावकारी, विश्वासिलो र परिणाममुखी बनाउन अबको संसद् विगतको जस्तो निरर्थक बहस मात्र गर्ने नभई देश र जनताको जीवनमा वास्तविक परिवर्तन ल्याउने दिशामा अघि बढ्न सुदृढ संसदीय संस्कारसहित सङ्कल्पको खाँचो छ।

# अन्तर्राष्ष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## क्यानडामा हान्टाभाइरस पुष्टि, तीन जनाको मृत्यु


***ओटावा, जेठ ४ गते ।***

क्यानडाको सार्वजनिक स्वास्थ्य एजेन्सी (पिएचएसी) ले हान्टाभाइरसको पहिलो पुष्टि भएको सङ्क्रमण फेला परेको जनाएको छ। सङ्क्रमित व्यक्ति हाल ब्रिटिश कोलम्बियामा आइसोलेसनमा रहेका एक क्रुज यात्रु हुन् ।

पिएचएसीले आइतबार जारी गरेको विज्ञप्ति अनुसार, ब्रिटिश कोलम्बियाबाट सङ्कलन गरिएका नमूनाहरू पुष्टि परीक्षणका लागि विनिपेगस्थित राष्ट्रिय माइक्रोबायोलोजी प्रयोगशालामा पठाइएको थियो ।

प्रयोगशाला परीक्षणपछि एक व्यक्तिमा शनिबार हान्टाभाइरस सङ्क्रमण पुष्टि भएको एजेन्सीले जनाएको छ । सङ्क्रमित व्यक्तिसँगै यात्रा गरेका अर्का व्यक्तिको परीक्षण भने नेगेटिभ आएको छ ।

हालसम्म थप सङ्क्रमित फेला नपरेको जनाइएको छ । पिएचएसीका अनुसार, उच्च जोखिममा रहेका सम्पर्कहरू आइसोलेसनमा छन् र स्थानीय



स्वास्थ्य अधिकारीहरूले उनीहरूको निरन्तर निगरानी गरिरहेका छन्। साथै, क्यानडाको सर्वसाधारण जनतामा हालका लागि सङ्क्रमणको जोखिम कम रहेको एजेन्सीले स्पष्ट पारेको छ ।

यो सङ्क्रमण ध्रुवीय क्षेत्रमा भ्रमण गर्ने 'एमभी होन्डियस' नामक अभियानात्मक क्रुज जहाजमा देखिएको हो। यस प्रकोपका कारण हालसम्म तीन जनाको मृत्यु भइसकेको बताइएको छ । स्वास्थ्य अधिकारीहरूका अनुसार, हान्ताभाइरसको इन्क्युबेसन अवधि सामान्यतया एकदेखि आठ सातासम्म हुन सक्छ । यो भाइरस प्रायः सङ्क्रमित मुसा वा अन्य कृन्तक जनावरको पिसाब, दिसा वा न्यालसँग सम्पर्कमा आउँदा मानिसमा सर्ने गर्दछ ।

हान्ताभाइरस सङ्क्रमणले ज्वरो, टाउको दुखाइ, मांसपेशी दुख्ने, सास फेर्न गाह्रो हुनेलगायतका गम्भीर लक्षण निम्त्याउन सक्छ । गम्भिर अवस्थामा यसले फोक्सो र मुटुमा असर पुर्‍याएर ज्यानसमेत लिन सक्छ ।

## बिषादी...

हुन्छ। तर अहिले विषादी छरेको एक-दुई दिनमै बजार पठाउने गलत अभ्यास बढ्दो छ। यस्तो कार्य रोक्न कडा निगरानी आवश्यक छ। बजारमा बिक्री हुने तरकारी तथा फलफूल अनिवार्य रूपमा परीक्षण गरेर मात्रै बिक्री अनुमति दिनुपर्छ। सुरक्षित देखिएका पसलमा "विषादीरहित" बोर्ड राख्न लगाइनुपर्छ भने अत्यधिक विषादीयुक्त वस्तु भेटिए तत्काल नष्ट गर्ने, जरिवाना गर्ने र पुनः गल्ती दोहोरिए उत्पादन तथा बिक्रीमा प्रतिबन्ध लगाउने व्यवस्था हुनुपर्छ। विषादी बिक्री गर्ने पसललाई पनि लाइसेन्स, मात्रा र प्रयोगसम्बन्धी स्पष्ट मापदण्डभित्र राख्न आवश्यक छ।

उपभोक्ताले पनि सतर्कता अपनाउनुपर्छ। बजारबाट ल्याएको तरकारी तथा फलफूल सिधै प्रयोग गर्नु जोखिमपूर्ण हुन्छ। त्यसैले सागसब्जी र फलफूललाई कम्तीमा १५ देखि २० मिनेटसम्म नुनपानी वा मनतातो पानीमा भिजाएर सफा पानीले राम्ररी पखालेर मात्रै प्रयोग गर्नुपर्छ। यसले विषादीको असर केही हदसम्म कम गर्न मद्दत गर्छ। दीर्घकालीन समाधानका लागि अर्गानिक खेतीलाई प्रोत्साहन, नियमित बजार अनुगमन, स्थानीय सरकार र सरोकारवालाको सक्रिय निगरानी तथा व्यापक जनचेतना अभियान आवश्यक छ। सुरक्षित खाद्य उपभोग नागरिकको अधिकार भएकाले अब विषादी नियन्त्रणलाई केवल कृषि होइन, राष्ट्रिय जनस्वास्थ्य अभियानका रूपमा अघि बढाउनुपर्ने बेला आएको छ।

## मधेशका...

लागि ५२ सांसदको समर्थन आवश्यक पर्नेछ ।

जसपाभित्र संसदीय दलको नेतामा प्रतिस्पर्धा

मुख्यमन्त्री यादवले यसअघि विश्वासको मत लिन नसक्नुमा जसपा नेपाल भित्रको विवादलाई मुख्य कारण मानिएको छ ।

जसपा-लोसपा एकीकरणपछि संसदीय दलको नेता चयन नभएको विषयलाई लिएर तत्कालीन जसपाका नेता सरोजकुमार यादव र तत्कालीन लोसपाका नेता जितेन्द्र सोनल बीच विवाद देखिएको थियो । सोही कारण प्रदेशसभा बैठक प्रभावित बनेको थियो ।

अब भने जसपा नेपालले बुधबार संसदीय दलको नेता चयन गर्ने तयारी गरेको छ। स्रोतका अनुसार संसदीय दलको नेताका लागि सरोजकुमार यादव र लालबाबु राउत बीच प्रतिस्पर्धा हुने सम्भावना छ ।

हाल मधेश प्रदेशसभामा जसपा नेपालको २६ सांसद रहेका छन् । निलम्बित दुई सांसदसमेत जोड्दा दलको संख्या २८ पुग्छ। त्यसपछि नेकपा एमाले का २४, नेपाली कांग्रेस का २२, नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का १४ तथा जनमत पार्टी का १२ सांसद रहेका छन् । राजनीतिक वृत्तमा सरोजकुमार यादव संसदीय दलको नेता निर्वाचित भए मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारलाई निरन्तरता मिल्ने आकलन गरिएको छ ।

## तेस्रो...

र हो-हल्ला जारी रहेपछि स्थिति नियन्त्रणबाहिर गएको जनाइएको छ ।

प्रहरीले शान्ति-सुरक्षा कायम गर्न र बाटो खुलाउन अन्तिम विकल्पका रूपमा बल प्रयोग गर्नुपरेको बताएको छ । त्यस क्रममा लाठीचार्ज गरिएको प्रहरी स्रोतले जनाएको छ ।

प्रहरीसँग झडपको आरोप

प्रदर्शन नियन्त्रण गर्ने क्रममा केही प्रदर्शनकारीहरूले प्रहरीसँग गालीगलौज तथा धकेलाधकेल गरेको र सुरक्षा अवस्था बिग्रिन थालेपछि कारबाही गरिएको प्रहरीको दाबी छ । घटनापछि केहीबेर वातावरण तनावपूर्ण बनेको थियो ।

तीन जना नियन्त्रणमा

घटनापछि प्रहरीले प्रदर्शनमा संलग्न तीन जनालाई नियन्त्रणमा लिएको छ । नियन्त्रणमा परेकामा दिव्या रानी, निशा भारती र निशा देवी रहेका छन् ।

उनीहरूमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

## माल्दिभ्सको समुद्रमा डुबेका चार जनाको मृत शरिर फेला

***रोम, जेठ ४ गते ।***

माल्दिभ्सको समुद्रमा अनुसन्धानका लागि गएको एक 'डाइभिङ' टोलीको दुर्घटनावस डुबेर मृत्यु भएको र मृतकमध्ये इटालीका थप चार नागरिकको मृत शरिर फेला परेको तर अहिलेसम्म सतहमा ल्याउन नसकिएको इटालीको विदेश मन्त्रालय र माल्दिभ्सको सेनाले सोमबार जनाएको छ ।

पानीमा वेपत्ता भएका मध्ये एक जनालाई मृत अवस्थामा बिहीबार नै पानीबाहिर ल्याइएको थियो ।

माल्दिभ्सको राष्ट्रिय सुरक्षा बल (एमएनडिएफ) ले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "बेपत्तामध्ये थप चारजना गोताखोरको मृत शरीर 'वाभु एटोल' गुफाभित्र फेला परेको छ ।" इटालीको विदेश मन्त्रालयले उक्त समाचारको पुष्टि गरेको छ।



"मृतकलाई अझै सतहमा ल्याइएको छैन", एमएनडीएफले भनेको छ, मृतकलाई पानी बाहिर ल्याउने काम छिट्टै गरिनेछ ।" इटालीका एक सरकारी अधिकारीले एएफपीसँग भन्नुभयो, "यो एक कठिन काम हो र शवहरू सतहमा ल्याउन 'केही समय लाग्न' सक्छ।"

गत बिहीबार इटालीको संलग्न पाँच जनाको एक समूह अनुसन्धानका लागि गहिरो पानीमुनिको गुफामा गएका तर सतहमा फर्कन असफल भएका थिए । एक जनालाई सोही दिन मृत अवस्थामा पानी बाहिर ल्याइएको थियो ।

उनीहरुको खोजीमा खटिएका एक गोताखोरको उद्धारका लागि खटिएका समय शनिबार मृत्यु भएको थियो । यो दुर्घटना हिन्द महासागरको पर्यटकीय गन्तव्यमा सबैभन्दा घातक 'डाइभिङ' दुर्घटना हो।

## भारतबाट...

हजार नेपाली रुपैयाँमा खरिद गरेको बयान दिएका थिए । त्यसपछि प्रहरीले छापा मारेर हृदयेशलाई पक्राउ गरेको थियो ।

प्रहरीका अनुसार हृदयेशले मोटरसाइकल अजय कुमार उर्फ हरिओम कुमार बाट बिक्रीका लागि ल्याइएको स्वीकार गरेका थिए । त्यसपछि अजय उर्फ हरिओमलाई पनि पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

सोधपुछका क्रममा अजयले मोटरसाइकल चोरी गरी नम्बर प्लेट परिवर्तन गर्ने, नक्कली कागजात तयार गर्ने तथा चेचिस नम्बरमा छेडछाड गरेर नेपालमा बिक्री गर्ने गरेको स्वीकार गरेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका चारै जनाविरुद्ध सम्बन्धित धाराअन्तर्गत मुद्दा दर्ता गरी थप अनुसन्धान तथा

## मटिअर्वा...

निगरानी मात्र नभई सामाजिक तथा जनचेतनामूलक गतिविधिमा समेत सहकार्य बढाउँदै आएको जनाएको छ। सीमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रण, आपसी समन्वय र मैत्रीपूर्ण सम्बन्ध सुदृढ बनाउन यस्ता संयुक्त कार्यक्रम प्रभावकारी हुने सुरक्षा अधिकारीहरूको भनाइ छ।

स्थानीयवासीले पनि दशगजा क्षेत्रमा गरिएको संयुक्त सरसफाइ कार्यक्रमलाई सकारात्मक रूपमा लिएका छन्। सीमावर्ती क्षेत्रमा फोहोर व्यवस्थापन, सार्वजनिक स्थल संरक्षण तथा वातावरणीय स्वच्छतामा यस्ता अभियानले दीर्घकालीन प्रभाव पार्ने विश्वास उनीहरूले व्यक्त गरेका छन्।

नेपाल र भारतबीच खुला सीमाका कारण सामाजिक, आर्थिक तथा सांस्कृतिक सम्बन्ध गहिरो रहेको अवस्थामा सुरक्षा निकायबीचको सहकार्यलाई अझ मजबुत बनाउन यस्ता संयुक्त गतिविधिले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

## चिनीकारखाना...

चिनीकारखानाको प्रयोजन समाप्त भएपछि मोही किसानलाई जग्गा फिर्ता गर्नुपर्ने व्यवस्था भए पनि कार्यान्वयन नभएको भन्दै तत्काल न्यायिक समाधानको माग गरेका छन् । ज्ञापनपत्रमा आफूहरू सुकुम्बासी वा हुकुम्बासी नभई भूमिपुत्र थारु मोही किसान भएको उल्लेख गर्दै जग्गाबाट विस्थापित हुन नदिने गरी राज्यले जिम्मेवारी लिनुपर्ने चेतावनीसमेत दिइएको छ । समितिले संसद्मा उठाइएका विषय, विशेष आर्थिक क्षेत्र (सेज) द्वारा जारी सूचना तथा सर्वोच्च अदालत का पुराना फैसलालाई आधार बनाउँदै मोही अधिकार सुनिश्चित गर्न सरकारसँग माग गरेको जनाएको छ ।

ज्ञापनपत्रको बोधार्थ राष्ट्रपति कार्यालय, गृह मन्त्रालय, सेज कार्यालय, राष्ट्रिय मानवअधिकार आयोग, विभिन्न दूतावास तथा स्थानीय तहमा समेत पठाइएको जनाइएको छ ।

## मेडिकल...

गर्नुपर्ने आवश्यकता औंल्याए ।

समान काम, फरक भत्ता

इन्टर्न चिकित्सकहरूका अनुसार सरकारी र निजी संस्थामा एउटै अस्पताल सेवा, बिरामी हेरचाह, आकस्मिक सेवा तथा क्लिनिकल अभ्यासमा समान जिम्मेवारी वहन गर्नुपर्छ । तर भत्ता फरक हुँदा मानसिक दबाब, आर्थिक समस्या र असन्तुष्टि बढ्ने गरेको उनीहरूको भनाइ छ ।

निजी मेडिकल कलेजमा अध्ययनरत विद्यार्थीहरूले न्यून भत्ताका कारण बसोबास, खानपान र दैनिक खर्च व्यवस्थापनमै कठिनाइ भोग्नुपरेको गुनासो गर्दै आएका छन् ।

समाधानको माग


इन्टर्न चिकित्सकहरूले सरकारले स्पष्ट नीति बनाएर सबै मेडिकल कलेजमा न्यूनतम एकीकृत भत्ता लागू गर्नुपर्ने माग राखेका छन् । उनीहरूले समान कामको समान पारिश्रमिक सुनिश्चित नगरेसम्म आन्दोलन र दबाब कार्यक्रम जारी राख्ने चेतावनीसमेत दिएका छन् । यस विषयमा स्वास्थ्य क्षेत्रका सरोकारवालाहरूले पनि दीर्घकालीन समाधान आवश्यक रहेको बताउँदै सरकारलाई स्पष्ट नीति बनाउन सुझाव दिएका छन्।

## प्रधानन्यायाधीश...

क्रममा कार्यशैली र नेतृत्व क्षमतामाथि प्रश्न उठाइएको थियो । तत्कालीन सांसद पार्वत गुरुङ ले शर्माको प्रस्तुति प्रभावकारी नभएको टिप्पणी गरेका थिए भने वरिष्ठ अधिवक्ता शम्भु थापा ले आवश्यक योग्यता नपुगेको भन्दै आपत्ति जनाएका थिए ।

यस्तै तत्कालीन सांसद शिवकुमार मण्डल केवट ले अदालत सुधार गर्न सक्ने क्षमतामाथि प्रश्न उठाएका थिए । त्यसबेला सुनुवाइका क्रममा शर्माले आफू नेतृत्व तहमा पुग्ने अवस्था नरहेको अभिव्यक्ति दिएका थिए । उनले न्यायाधीशको भूमिका र संस्थागत नेतृत्व फरक विषय भएको बताएका थिए ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# मटिअर्वा दशगजामा नेपाल–भारत सुरक्षा निकायको संयुक्त सरसफाइ, सीमा समन्वयमा नयाँ सन्देश

***संवाहक सम्वादाता**-०४ जेष्ठ, कलैया*

नेपाल-भारत सीमावर्ती क्षेत्रअन्तर्गत मटिअर्वा दशगजा क्षेत्रमा नेपाली र भारतीय सुरक्षा निकायले संयुक्त रूपमा सरसफाइ कार्यक्रम सञ्चालन गरेका छन्। शनिबार आयोजित कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल अन्तर्गत सीमा सुरक्षा गुल्म मटिअर्वाका सशस्त्र प्रहरी तथा भारतीय सशस्त्र सीमा बल (एसएसबी) का सुरक्षाकर्मीहरूको सक्रिय सहभागिता रहेको थियो।



कार्यक्रमअन्तर्गत दशगजा क्षेत्र, सीमावर्ती सडक, सार्वजनिक स्थल तथा आवतजावत हुने क्षेत्रमा सरसफाइ गरिएको थियो। सुरक्षाकर्मीहरूले संयुक्त रूपमा फोहोर संकलन, झाडी सफाइ तथा वातावरण संरक्षणसम्बन्धी जनचेतनामूलक गतिविधि समेत सञ्चालन गरेका थिए। सीमा क्षेत्रलाई स्वच्छ, सुरक्षित र व्यवस्थित बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको जनाइएको छ।

सीमावर्ती क्षेत्रमा सुरक्षा चुनौतीसँगै वातावरणीय व्यवस्थापन पनि महत्वपूर्ण विषय बन्दै गएको अवस्थामा दुवै देशका सुरक्षा निकायले सामाजिक उत्तरदायित्व अन्तर्गत यस्तो कार्यक्रम सञ्चालन गरेका हुन्। कार्यक्रमले सीमा क्षेत्रमा बसोबास गर्ने स्थानीयवासीमा सकारात्मक सन्देश प्रवाह गर्नुका साथै सुरक्षा निकायप्रतिको विश्वास बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

सशस्त्र प्रहरी बल नेपाल ले नेपाल-भारत सीमा क्षेत्रमा केवल सुरक्षा

बाँकी तेस्रो पृष्ठमा

# चिनीकारखानाले अधिग्रहण गरेको ८३३ बिघा जग्गा फिर्ताको माग

***संवाहक सम्वादाता**-०४ जेष्ठ, कलैया*

थारु भूमिअधिकार संघर्ष समिति बाराले वीरगञ्ज चिनीकारखाना प्रा.लि. का लागि अधिग्रहण गरिएको ८३३ बिघा जग्गा सम्बन्धित किसानलाई फिर्ता गर्न माग गर्दै जिल्ला प्रशासन कार्यालय बारामार्फत प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र बुझाएको छ।



समितिका अध्यक्ष मेहिलाल दास थारु को नेतृत्वमा प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्र लाई बुझाइएको ज्ञापनपत्रमा २०२१ सालको सरकारी निर्णयअनुसार भवानपुर, जितपुर, पिपरा सिमरा, फत्तेपुर र डुमरवाना लगायत क्षेत्रका स्थानीय बासिन्दाको करिब ८३३ बिघा जग्गा उखु खेती विकासका लागि अधिग्रहण गरिएको उल्लेख गरिएको छ।

ज्ञापनपत्रमा तत्कालीन समयमा न्यून दरमा मुआब्जा दिई जबर्जस्ती रूपमा जग्गा अधिग्रहण गरिएको आरोप लगाइएको छ। मोही तथा जोताहा किसानहरूले न उचित मुआब्जा पाएको, न रोजगारीको अवसर नै प्राप्त गरेको समितिको दाबी छ।

समितिले वीरगञ्ज चिनीकारखाना २०५९ फागुन १६ गते खारेज भइसकेपछि पनि अधिग्रहित जग्गा उद्देश्यअनुसार प्रयोग नभएको भन्दै जग्गा प्राप्ति ऐन २०३४ अनुसार उक्त जग्गा सम्बन्धित किसानलाई फिर्ता गर्नुपर्ने माग गरेको छ। तर कानुनी प्रक्रिया पूरा नगरी उक्त जग्गा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको नाममा सारिएको दाबी पनि ज्ञापनपत्रमा गरिएको छ।

किसानहरूले अधिग्रहणका बेला भएको सम्झौताअनुसार

बाँकी तेस्रो पृष्ठमा

# मेडिकल कलेजका इन्टर्नबिच भत्ता असमानता, समान पारिश्रमिकको माग तीव्र

***४ जेठ, काठमाडौं।***

देशका सरकारी र निजी मेडिकल कलेजमा अध्ययनरत इन्टर्न चिकित्सकबीच भत्ता दरमा देखिएको ठूलो असमानताले फेरि बहस चर्काएको छ। समान काम भए पनि फरक-फरक भत्ता दिइँदा विद्यार्थीहरूमा असन्तुष्टि बढ्दै गएको छ।



सरकारी मेडिकल कलेजमा इन्टर्न गरिरहेका चिकित्सकहरूले मासिक करिब २३ हजार रुपैयाँसम्म भत्ता पाउने गरेका छन् भने निजी मेडिकल कलेजहरूमा कतिपय अवस्थामा मात्र १० हजार रुपैयाँसम्म दिइने गरेको गुनासो छ। यसले कामको भार समान भए पनि आर्थिक मूल्यांकनमा विभेद भएको आरोप उठेको छ।

इन्टर्न चिकित्सकहरूको प्रतिनिधित्व गर्दै आएका हरिजन का अनुसार यो समस्या नयाँ होइन, लामो समयदेखि उठ्दै आएको विषय हो।

उनका अनुसार यसअघि पनि सरकारी तहमा विभिन्न समिति गठन भएका थिए, प्रतिवेदन तयार भएका थिए र समाधानका लागि सुझावसमेत दिइएका थिए। तर ती प्रतिवेदनहरू कार्यान्वयन नहुँदा समस्या जस्ताको तस्तै रहँदै आएको उनले बताए।

उनले भने, "पहिले पनि समिति बने, प्रतिवेदन बने। तर कार्यान्वयन भएन। यसपटक भने सरकारको प्रतिबद्धतामा विश्वास गरेर अन्तिमसम्म लडिरहेका छौं," भन्दै न्यायोचित भत्ता व्यवस्था

बाँकी तेस्रो पृष्ठमा

# वीरगञ्जमा दुर्गा प्रसाई, समर्थकहरूको भीडसँगै सुरक्षा व्यवस्था कडा

***संवाहक सम्वादाता**-०४ जेष्ठ, कलैया*

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान नेपालका संयोजक दुर्गा प्रसाई आज वीरगञ्ज आइपुगेका छन्। उनको आगमनसँगै वीरगञ्ज तथा आसपासका क्षेत्रमा समर्थकहरूको उल्लेख्य उपस्थिति देखिएको छ भने सुरक्षा व्यवस्था पनि कडा पारिएको छ।



प्रसाईं वीरगञ्ज आउने क्रममा सिमरा विमानस्थल मा उनका समर्थकहरूले भव्य स्वागत गरेका थिए। विमानस्थल परिसरमा समर्थकहरूले फूलमाला, नाराबाजी तथा स्वागत कार्यक्रममार्फत प्रसाईंप्रति समर्थन व्यक्त गरेका थिए।

वीरगञ्ज प्रवेशपछि विभिन्न स्थानमा समर्थकहरूको चहलपहल बढेको देखिएको छ। सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै जिल्ला प्रशासन तथा सुरक्षा निकायले वीरगञ्जका मुख्य क्षेत्रहरूमा निगरानी बढाएको स्रोतहरूले बताएका छन्।

प्रसाईं निकट स्रोतका अनुसार उनले आज वीरगञ्जवासीसँग भेटघाट तथा छलफल गर्ने कार्यक्रम तय गरेका छन्। साथै आज राति उनी सिद्धार्थ डियालो होटल मा बस्ने कार्यक्रम रहेको जनाइएको छ। त्यसैगरी भोलि बिहान ११ बजे वीरगञ्जको प्रसिद्ध धार्मिक स्थल गहवामाई मन्दिर मा पूजा-पाठ गर्ने कार्यक्रम रहेको बताइएको छ।

पछिल्लो समय विभिन्न राजनीतिक तथा सामाजिक मुद्दामा सक्रिय रहँदै आएका प्रसाईंको वीरगञ्ज भ्रमणलाई उनका समर्थकहरूले विशेष महत्वका साथ हेरेका छन्। यद्यपि, उनको भ्रमणको औपचारिक उद्देश्यबारे विस्तृत कार्यक्रम भने सार्वजनिक गरिएको छैन।

# प्रधानन्यायाधीश सिफारिस भएका मनोज शर्माविरुद्ध १६ उजुरी, सुनुवाइ प्रक्रिया सुरु हुँदै

***४ जेठ, काठमाडौं।***

सर्वोच्च अदालतको प्रधानन्यायाधीश पदका लागि सिफारिस भएका मनोज शर्मा विरुद्ध संसदीय सुनुवाइ समितिमा १६ वटा उजुरी परेका छन्। उजुरी परेपछि उनको नियुक्ति प्रक्रिया थप चर्चामा आएको छ।

संघीय संसदको संसदीय सुनुवाइ समिति ले सार्वजनिक सूचना जारी गर्दै उजुरी माग गरेको थियो। समितिले मंगलबार बिहान बस्ने बैठकमार्फत प्राप्त उजुरीमाथि प्रारम्भिक छलफल गर्ने तयारी गरेको छ।

यसअघि संवैधानिक परिषद् ले वैशाख २४ गते शर्मालाई सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा सिफारिस गर्ने निर्णय गरेको थियो। समितिका सदस्यहरूका अनुसार उजुरीको प्रकृति अध्ययनपछि उजुरीकर्तासँग छलफल गरिनेछ। त्यसपछि आवश्यक प्रक्रिया पूरा गरी शर्माको संसदीय सुनुवाइ अघि बढाइने जनाइएको छ।

समितिको नेतृत्व बोधनारायण श्रेष्ठ ले गरिरहेका छन्। समितिले उजुरीकर्तालाई मंगलबार नै छलफलका लागि बोलाउने तयारी गरेको स्रोतले जनाएको छ।

मनोज शर्मा २०७६ सालमा सर्वोच्च अदालतको न्यायाधीश नियुक्त भएका थिए। त्यतिबेला पनि उनको संसदीय सुनुवाइका

बाँकी तेस्रो पृष्ठमा

# दुर्गा प्रसाईं वीरगञ्जबाट पक्राउ

***संवाहक सम्वादाता**-०४ जेष्ठ, कलैया*

मेडिकल व्यवसायी दुर्गा प्रसाईं लाई प्रहरीले वीरगञ्जबाट पक्राउ गरेको छ।



प्रहरी स्रोतका अनुसार प्रसाईंलाई वीरगञ्जस्थित दियोलो होटल बाट नियन्त्रणमा लिइएको हो। उनी होटलमा बसेको अवस्थामा पक्राउ परेका बताइएको छ।

प्रहरीले 'माथिको आदेश' अनुसार उनलाई पक्राउ गरिएको जनाएको छ। यद्यपि, पक्राउको ठोस कारणबारे भने हालसम्म औपचारिक जानकारी सार्वजनिक गरिएको छैन।

प्रहरी स्रोतले प्रसाईं पक्राउ परेको पुष्टि गरे पनि उनीमाथि कुन कसुरअन्तर्गत कारबाही प्रक्रिया अघि बढाइएको हो भन्ने विषय खुलाइएको छैन। पछिल्लो समय विभिन्न राजनीतिक तथा सामाजिक गतिविधिमा सक्रिय रहँदै आएका प्रसाईंको पक्राउलाई लिएर विभिन्न तहमा चासो बढेको छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।